नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्री डा. बिक्रम तिमिल्सिना र नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूत H.E. Mr. Zhang Maoming बीच आज २०८३ वैशाख १४ गते सोमबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवारमा शिष्टाचार भेटवार्ता सम्पन्न भयो। उक्त भेटवार्ताका क्रममा दुई देशबीचको आपसी सम्बन्ध, हित तथा सहकार्यलाई सुदृढ बनाउने विषयमा छलफल भयो।

चीनका राजदूतले माननीय मन्त्रीमार्फत नेपाल सरकारलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। उहाँले नेपालमा राजनीतिक परिवर्तनपश्चात् स्थायी सरकार गठन भएकोले आर्थिक र सामाजिक रुपमा अभूतपूर्व अवसर सिर्जना भएको र नेपालको आर्थिक एवम् सामाजिक विकासमा चीन सरकार सहकार्य गर्न इच्छुक रहेको जानकारी दिनुभयो। साथै चीनको लगानीमा नेपालमा सञ्चालित परियोजना तथा कम्पनीहरूको बारेमा चासो राख्दै प्रविधिमा आधारित गुणस्तरीय उत्पादन, कृत्रिम बौद्धिकता, क्वान्टम प्रविधिको प्रयोगजस्ता क्षेत्रमा चीन सरकारको सहकार्य हुनसक्ने धारणा समेत राख्नुभयो।

सो अवसरमा माननीय मन्त्रीले नेपाल छिमेकी मुलुकसँगको सौहार्दपूर्ण सम्बन्ध र आपसी हितमा विश्वास गर्ने व्यहोरा उल्लेख गर्नुहुँदै कनेक्टिभिटी, पूर्वाधार निर्माण तथा सूचना प्रविधि क्षेत्रमा नेपाल र चीनबीच सहकार्य हुनसक्ने जानकारी गराउनुभयो। नेपालको भावी गन्तव्यका बारेमा सरकार स्पष्ट रहेकोले प्रविधिको क्षेत्रको विकासमार्फत सुशासनमैत्री सेवा प्रवाहलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो। साथै, सो अवसरमा सूचना प्रविधि, साइबर सुरक्षा, कृत्रिम बौद्धिकता, दूरसञ्चारलगायत सहकार्यका क्षेत्रसम्बन्धी विषयमा समेत छलफल भयो।

उक्त भेटवार्तामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र परराष्ट्र मन्त्रालयका पदाधिकारी तथा नेपालस्थित जनवादी गणतन्त्र चीनको राजदुतावासका कर्मचारीकोसमेत उपस्थिति रहेको थियो।

मितिः २०८३।०१।१४

ने.स. :- ११४६ बछलाथ्व,११ सोमवार

२०८३।१।१४

सहसचिव